# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, चैत २८ गते २०५३ साल (अतिरिक्ताङ्क ६९ (क)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सोही ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जाँचबुझ तथा अनुसन्धान गर्न २०५४ सालमा हुने स्थानीय निकायको निर्वाचनमा सम्बन्धित जिल्लामा सो जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई जाँचबुझ र अनुसन्धान गर्ने अधिकार तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २५ को उपदफा (२) को प्रयोजनको लागि निर्वाचन आयोगले २०५४ सालमा हुने स्थानीय निकायको निर्वाचनमा सम्बन्धित जिल्लामा सो जिल्लाका जिल्ला सरकारी अधिवक्तालाई अधिकृत तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

१५४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९५८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।